"विगतबाट पाठ सिक्दै,महामारीसँग जुध्दै
सवृद्ध नगर निर्माणका लागि हामी अघि बढ्दै"

# शैल्यशिखर नगरपालिकाको
# आ.व. २०७८/०७९ को
# बार्षिक नीति तथा कार्यक्रम

अमर सिह धामी
नगर प्रमुख
शैल्यशिखर नगरपालिका
गोकुलेश्वर दार्चुला

Scanned with CamScanner

यस शैल्यशिखर नगरपालिकाको सम्मानित नगर सभा समक्ष आ.व.२०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक समारोहमा उपस्थित नगरपालिकाका उपप्रमुख ज्यू,

९ वटै वडाका वडा अध्यक्ष ज्यूहरु,नगर कार्यपालिका सदस्य ज्यूहरु,प्रमुख प्रशासकीय अधिकृत ज्यू ,नगर सभाका सदस्य ज्यूहरु,सुरक्षा निकायका प्रमुख ज्यू ,राजनितिक दलका प्रतिनिधिहरु,विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु , सञ्चारकर्मी,कर्मचारी लगायत सम्पूर्ण शैल्यशिखर नगरवासी आदरणीय आमाबुवा,दाजुभाइ तथा दिदिबहिनीहरु

विगतको वर्ष देखि नै फैलिएको विश्वव्यापी महामारी कोरोना भाइरस तथा यस वर्षको नयाँ भेरियन्टले देश महामारीबाट आक्रान्त भइ रहेको यस जटिल घडीमा यस शैल्यशिखर नगरपालिकाको नगर सभालाई सम्बोधन गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीय संरचना अनुरुप तीन तहका सरकार अन्तर्गत यस शैल्यशिखर नगरपालिका स्थानीय सरकारको तर्फबाट यस गरिमामय नगर सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरि रहदा नेपालको स्वाधिनता,सार्वभौम सत्ताको रक्षा,भौगोलिक अखण्डता र विभिन्न महत्वपूर्ण राजनीतिक परिर्वतन तथा उपलब्धिका आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली एवम् घाइते तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

साथै विश्व महामारीको भयावह रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणवाट ज्यान गुमाएका स्वदेश एवम् विदेशमा रहेका नेपालीहरु प्रति हार्दिक श्रद्धाञ्जली एवम् संक्रमणसंग जुधिरहेका व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

कोरोना भाइरसको संक्रमणका कारण विश्वकै अर्थतन्त्रमा नराम्रो धक्का लागेको यस जटिल परिस्थितिमा नेपाल जस्तो कम विकसित राष्ट्रका लागि थप चुनौती र आर्थिक संकट श्रृजना हुने देखिन्छ । यस भुमरीबाट सफल अवतरण गरी आम

अमर सिंह धामी.
नगर प्रमुख

नागरिकको जीवन स्तर सुधार [illegible] आर्थिक वृद्धिदर हासिल गर्नुपर्ने प्रमुख दृष्टिकोण रहेको छ ।

शैल्यशिखर मल्लिकार्जुनको निवास स्थान मानिने यस पवित्र धार्मिक एवम् रमणीय भूमि प्राकृतिक रुपमा विविधताले भरिपूर्ण सुन्दर पर्यटकीय क्षेत्र एवम् पवित्र चौलानी नदी जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको यस शैल्यशिखर नगरपालिकाको तीव्र आर्थिक विकास,सामाजिक रुपान्तरण समुन्नत समाज,सुदृढ अर्थतन्त्र निर्माण गरी समुन्नत एवं आत्मनिर्भर नगर निर्माणको परिकल्पना हाम्रो प्रमुख लक्ष्य रहेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान,राज्यको दायित्व,निर्देशक सिद्धान्त तथा नीति,मौलिक हक,मानव अधिकार विधिको शासन,सुशासन,संघीय सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रदेश सरकारका नीति तथा कार्यक्रम र बजेट एवम् जनताको सर्वोपरि हितलाई मध्यनजर गर्दै आम शैल्यशिखर नगरबासीका जनचाहाना र नगरबासी जनताको अमूल्य जनमतको उच्च सम्मान गर्दै विगतका आर्थिक वर्षहरुको उपलब्धि तथा कमजोरीबाट पाठ सिक्दै समुन्नत,समृद्ध,सुखी एवम् आत्मनिर्भर नगरपालिका निर्माणको अभियानमा प्रस्तुत नीति तथा कार्यक्रम कोशेढुङ्गा सावित हुनेछ भन्ने विश्वास लिएको छु ।

अब म आ.व. २०७८/७९ को यस शैल्यशिखर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

अमर सिंह धामी
नगर प्रमुख

# आर्थिक विकास तर्फ

कृषि तथा पशुपंक्षी

१.कृषिको आधुनिकरण,व्यवसायीकरण र विविधिकरणमा विशेष जोड दिदै खाद्यान्नमा आत्मनिर्भर नगर निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

२. परम्परागत कृषि प्रणालीलाई आधुनिक युगसंग जोड्दै कृषिको यान्त्रिकरण,रोजगार उन्मुख,उत्पादनमुलक कृषि प्रणालीमा जोड दिई कृषिबाट आयआर्जन मा जोड दिइनेछ ।

३.रैथाने वालीहरुको संरक्षण गर्ने नीति अनुरुप वाली उत्पादन,संरक्षण र बजारीकरणमा जोड दिइनेछ ।

४.आधुनिक एवं नविन नगदे विरुवा रोपण गर्दै नगर भित्रका बस्तीहरुमा कृषकहरुलाई दुर्लभ बोधिवृक्ष, किवीका विरुवाहरु प्रदान गरिनेछ ।

५. नगरपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउन तरकारीको विउ वितरण,कृषि परामर्श सेवा,जैविक किटनाशक औषधिको व्यवस्था गरिनेछ ।

६. आ.व.२०७८/७९ मा कृषि विज्ञ सँग कृषक कार्यक्रम संचालन गरी नगरपालिकाका टोल बस्तीमा कृषि विज्ञ सहित घुम्ती परामर्श सेवा दिइनेछ ।

७. कृषकको मागमा आधारित कार्यक्रम कृषक र नगरपालिकाको संयुक्त साझेदारीमा संचालन गरिने व्यवस्था मिलाइनेछ ।

८. फलफुल क्षेत्रको प्रवर्धनका निम्ती र फलफुल उत्पादनमा नगरवासीलाई प्रेरित गर्न "एकघर पाँच फलफुल विरुवा रोपण" कार्य गरिनेछ ।

९. किसानहरुको उत्पादनलाई उचित बजारीकरण गर्न नगरपालिकाको निश्चित स्थानहरुमा कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ ।

अमर सिंह धामी,
नगर प्रमुख



Scanned with CamScanner

१०. नगरपालिकाका कृषकहरुले उत्पादन गरेका कृषि उपजहरु उपभोक्ता सामु पुऱ्याइ कृषकहरुको आय आर्जनमा टेवा पुऱ्याउन प्रत्येक महिनाको दुई पटक पाक्षिक रुपमा गोकुलेश्वर बजारमा कृषि हाटबजार संचालन गरिनेछ ।

११. नगरपालिका भित्रका विभिन्न टोलहरुलाई तरकारी तथा फलफुल पकेट क्षेत्रको रुपमा बिकसित गरिनेछ । वेमौसामी तरकारी खेती,मौसमजन्य फलफूल उत्पादनमा विषेश जोड दिइनेछ ।

१२.कृषि ज्ञान केन्द्र,प्रधानमन्त्रि कृषि आधुनिकिकरण प्रयोजनासँगको साझेदारीमा नगरपालिका भित्र स्याउ,ओखर,लगायत मनज्ञ आम्दानी हुने फलफूल उत्पादनमा जोड दिइनेछ ।

१३.**"विहान वेलुका आफ्नै तरकारी,हरेक घर एक करेसावारी"** अभियान संचालन गरिनेछ ।

१४. नगरपालिकालाई माछा,मासु र अण्डामा आत्मनिर्भर बनाउन व्यवसायिक माछा पालन कुखुरा पालन,बाखापालन कार्यलाई प्रोत्साहन गरिनेछ ।

१५. कोरोना भाइरसका कारणले देश विदेशबाट रोजगारी गुमाएर घर बसेका युवाहरुलाई कृषि पेशातर्फ प्रेरित गर्दै १८ देखि ४९ वर्षका युवाहरु मध्ये उत्कृष्ट उत्पादन गर्ने कृषक युवालाई निश्चित मापदण्डका आधारमा **"उद्यमशिल युवा सर्वोत्कृष्ट मेयर कृषक पुरुस्कार"** अन्तर्गत १ जना कृषकलाई **"सुनको कोदालो"** पुरुस्कार वितरण गरिनेछ ।

१६. दुध उत्पादनमा आत्मनिर्भर बनाउदै बजार क्षेत्रमा भएको दुधको मागलाई सहज परिपुर्ती गर्न नगरभित्रका सम्पुर्ण ठाँउहरुमा उत्पादन भएको दुधलाई वजारीकरण गर्न विभिन्न ठाँउहरुमा दुध संकलन केन्द्र स्थापना गर्न निजी क्षेत्र सित सहकार्य गर्दै गोकुलेश्वर बजारमा सुविधा सम्पन्न दूग्ध डेरी स्थापना गरिनेछ ।

अमर सिंह धामी
नगर प्रमुख



Scanned with CamScanner

## संस्कृती प्रवर्द्धन तथा पर्यटन पूर्वाधार विकास तर्फ

१. यस शैल्यशिखर नगरपालिका अन्तर्गत रहेका महत्वपूर्ण धार्मिक क्षेत्र,मठमन्दिर,पाटी पौवा,ऐतिहासिक धरोहर,साँस्कृतिक स्थल लगायतको संरक्षण गर्न विशेष पहल गरिनेछ ।

२. मौलिक संस्कृति बोकेको यस शैल्यशिखर नगरपालिकाको पहिरन,रहनसहन,भाषा संस्कृतिको विकासका लागि विशेष पहल गरिनेछ ।

३. परम्परागत चाडपर्वहरु गौरा,दशै,तिहार,चैतलो भेटौला,होली,सकान्ती,नरहरी,जात लगायतका सामाजिक सदभाव र एकता कायमका प्रतिविम्वका रुपमा रहेका समाजको परिचान झ्हकने पर्वहरुको नयाँ पिडिलाई त्यसको संरक्षण,आकर्षण अभिवृद्धि तर्फ उच्च प्राथमिकता दिइनेछ ।

४. परम्परादेखि चलिआएको र आधुनिक युगमा समेत लोकप्रिय हुदै गएको वादी समुदायको छलिया नृत्य र हुड्के नृत्यको संरक्षण र उत्थान गरिनेछ । साथै हाम्रा लोकवाजाहरु मसकवीन,बेगुल,दमाहा,झ्याली लगायतका बाजाहरुको सम्वर्द्धन तर्फ विशेष जोड दिइनेछ ।

५.एतिहासिक महत्व बोकेको परापूर्व कालदेखि चल्दै आएको गोकुलेश्वर मेलालाई पर्यटन र व्यापार सित जोड्न विशेष पहल गरिनेछ ।

६.शैल्यशिखर मालिकार्जुनको निवास मानिने यस नगरपालिकालाई धार्मिक पर्यटन सित जोडेर यस नगरपालिका भित्र रहेका शैल्यशिखर धाम,जगतपुरी धाम,चर्मण्यावती नदी,बन्तोली धाम, थाम शिवलिङ्ग,देवथली जगन्नाथ,वेतालेश्वर,भगवती स्थल लगायतका महत्वपूर्ण धार्मिक क्षेत्रको पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

७. श्री शैल्यशिखर मालिकार्जुन धामको विशेष पुजा पर्व पर्ने आसाढ शुक्ल त्रयोदशी र कार्तिक शुक्ल त्रयोदशीका दिन नगरपालिका भित्र सार्वजनिक विदा दिइनेछ र कार्तिक शुक्ल त्रयोदशीलाई **"शैल्यशिखर दिवसका"** रुपमा मनाइनेछ ।



अमर सिंह धामी
नगर प्रमुख

Scanned with CamScanner

८.आगामी आ.व.२०७८/७९ मा कर्मचारीहरुलाई प्राप्त हुने पर्यटन काजलाई यस शैल्यशिखर नगरपालिकाका विभिन्न धार्मिक,ऐतिहासिक,रमणीय पर्यटन स्थलहरुको भ्रमणमा केन्द्रित गर्न **"शैल्यशिखर नगरपालिका पर्यटन भ्रमण वर्ष २०७८"** घोषणा गरिनेछ ।

९. पर्यटकीय रमणीय स्थल चमेलिया हाइड्रोपावर,अपि हाइड्रोपावर लगायतका क्षेत्रको पर्यटन विस्तारका लागि निजि क्षेत्रसितको सहकार्यमा नगरपालिका क्षेत्रभित्र होमस्टे,सुविधासम्पन्न होटल स्थापनामा लागि पहल गरिनेछ ।

१०.गोकुलेश्वर विमानस्थल सञ्चालनका लागि संघिय सरकार,प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

११.नगर क्षेत्रभित्र मनोरञ्जन पार्क स्थापनाको सम्भाव्यता अध्ययन गरी त्यसको स्थापनाका लागि उच्च प्राथमिकता दिइनेछ ।

१२. राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल जिल्ला शाखा दार्चुला लोक संग्रालय भवन निर्माण शैल्यशिखर ९ नकतडमा निमार्ण गरिनेछ ।

**लघु उद्यम स्थापना,रोजगारी सिर्जना र आन्तरिक आय अभिवृद्धि तर्फ**

१.प्रधानमन्त्री रोजगार तथा नगर प्रमुख युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरी कोरोना भाइरसका कारणले रोजगारी गुमाएर घर फर्केका युवा लक्षित गरी नगर भरी विकास निर्माणका कार्यहरु सञ्चालन गरी युवाहरुलाई रोजगारी प्रदान गरिनेछ ।

२.गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमलाई प्रत्येक वडाहरुमा विस्तार गर्दै युवाहरुको माग तथा लक्षित वर्ग केन्द्रित गरी स्वरोजगारीका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३.स्थानीय स्तरमा उत्पादित वस्तुहरुबाट सामग्री उत्पादन गर्दै लघु उद्यमका माध्यमबाट आय आर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

अमर सिंह धामी
नगर प्रमुख

Scanned with CamScanner

४.नगर क्षेत्रभित्र पर्ने चमेलिया नदी लगायत खोला नालाहरुबाट निकासी गरिने ढुङ्ग,गिट्टी,वालुवालाई व्यवस्थित रुपमा मितव्यायी ढङ्गले प्रयोग गर्ने र ढुङ्ग,गिट्टी,वालुवा निकासी वापद कर संकलन कार्यलाई व्यवस्थित गरिनेछ ।

५. करको दायरा फराकिलो बनाउँदै नगर भित्रका सम्पूर्ण उद्योग धन्दा पसल लगायत सम्पूर्ण व्यवसायिक क्षेत्रलाई करको दायरामा ल्याइनेछ । कर छलिलाई पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।

६.बेरोजगार,गरिब र कोरोना महामारीबाट आक्रान्त नागरिकलाई तत्काल राहत पुग्ने गरी योजनाहरुको कार्यान्वयन गर्दा कामको लागि पारिश्रमित वा कामको लागी खाद्यान्न नीति कार्यान्वयनमा ल्याइने छ ।

## उद्योग वाणिज्य र सहकारी

१.नगरपालिका उद्योग वाणिज्य संघ गठन गरिनेछ । उद्योग वाणिज्य संघसँगको सहकार्यमा बजार व्यवस्थापन तथा बजार स्तरवृद्धि तर्फ पहल गरिनेछ ।

२.नगरपालिका क्षेत्रभित्र संघिय सरकारसँगको सहकार्यमा औद्योगिक ग्राम स्थापनाका लागि पहल गरिनेछ ।

३. नगरपालिका क्षेत्रभित्र स्थापित सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि तथा कारोबारको दायरालाई फराकिलो बनाउन पहल गरिनेछ । सहकारीहरुको क्षमता विकासका लागि सहकारी प्रवर्द्धन लेखा व्यवस्थापन तालिम संचालन गरिनेछ ।

४.सबै नागरिकहरुलाई बचत गर्ने बानीको विकास गराउन सहकारी क्षेत्रलाई परिचालित गरिनेछ ।

५. विभिन्न वस्तु तथा सेवा उत्पादनसँग सम्बन्धि उद्योगधन्दा खोल्न चाहने युवाहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।

६.बैंक तथा वित्तिय संस्थासँगको सहकार्यमा व्यवसाय गर्न चाहने युवाहरुका लागि सहुलियतपूर्ण कृणको व्यवस्थाका लागि पहल गरिनेछ ।

अमर सिंह धामी
नगर प्रमुख

## शिक्षा तथा खेलकुद

१.नगरपालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरु मध्ये विभिन्न विदामा उत्कृष्ट प्रतिभाको खोजी गरी उचित सम्मानका साथ पुरस्कार प्रदान गर्न **"मेयर प्रतिभा पहिचान कार्यक्रम"** संचालन गरिनेछ ।

२.उमेर नपुरी विवाह गर्ने एवम् सो कारणले बिचमा पढाई अवरुद्ध हुने किशोरीकाहरुको विद्यमान समस्यालाई न्युनिकरण गर्न तथा समाजमा हुने लैङगिक दुर्व्यबहार हटाउन **"उपमेयर किशोरी लक्षित सचेतनामूलक कार्यक्रम"** संचालन गरिनेछ ।

३.निश्चित मापदण्डका आधारमा कार्य सम्पादनमा अब्बल भई छनोट भएका शिक्षकलाई Teacher of the year घोषणा गरी पुरस्कृत गरिनेछ ।

४.सम्पूर्ण विद्यालयका प्र.अ.हरुलाई विद्यालयको समग्र व्यवस्थापनमा कुशल क्षमता अभिवृद्धि गर्न विज्ञसँग प्र.अ.कार्यक्रम संचालन गरिनेछ ।

५.हामी स्वस्थ्य,हाम्रो विद्यालय स्वस्थ्य भन्ने मुल नारा लिई विद्यालयका विद्यार्थी,शिक्षक,कर्मचारीहरुको स्वास्थ्यलाई ध्यान दिई आ.व.२०७८/७९ भित्र दुईपटक स्वास्थ्य परिक्षण गर्न एवम् उचित सल्लाह सेवा प्रदान गर्न प्रत्येक विद्यालयमा विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।

६. **"योग गरौं स्वास्थ्य रहौं"** भन्ने नाराका साथ विद्यार्थीहरुको शारीरिक,मानसिक,नैतिक स्वास्थ्य प्रवर्द्धन गर्न नगरपालिका अन्तर्गतका कक्षा ८ र कक्षा १० सम्म संचालित विद्यालयमा योग शिविर संचालन गरिनेछ ।

७.नगरपालिकाको समग्र शैक्षिक सुशासन कायम गर्न प्रत्येक महिना विद्यालय सुपरिवेक्षण तथा अनुगमन प्रभावकारी रुपमा संचालन गरिनेछ ।

८. नगरपालिकाका प्रत्येक सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरुका विद्यार्थीहरुलाई कम्प्युटर विषय अध्ययन अध्यापन गराउन **"एक विद्यालय एक कम्प्युटर शिक्षकको"** व्यबस्था गरिनेछ ।

8

**अमर सिंह धामी**
**नगर प्रमुख**

Scanned with CamScanner

९. खेलकुदलाई विद्यालय तहबाटै प्रव[illegible] "राष्ट्रका लागि खेलकुद स्वास्थ्यका **लागि खेलकुद"** भन्ने नारा अनुरुप कुनै दुइ विधामा **"मेयर कप खेलकुल प्रतियोगिता"** संचालन गरिनेछ ।

१०.प्रत्येक विद्यालय बाटै खेललाई विकास गर्न प्रत्येक विद्यालयका विद्यार्थीहरुलाई खेल तर्फ अभिप्रेरित गर्न खेल प्रशिक्षण गर्न विभिन्न विधामा खेल प्रशिक्षक नियुक्त गरिनेछ । तिनका माध्यमद्वारा प्रत्येक विद्यालयमा घुम्ती खेल प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

११.प्रत्येक माध्यमिक विद्यालयमा एक ICT ल्याब स्थापना अन्तर्गत बाँकी रहेका विद्यालयमा यस आ.व.मा स्थापना गरिनेछ ।

१२.प्रत्येक माध्यमिक विद्यालय एक पुस्तकालय नीति अनुरुप बाँकी रहेका विद्यालयमा पुस्तकालय स्थापना गरिनेछ ।

१३.विद्यालयको भौतिक निर्माण,गुणस्तर अभिवृद्धि जस्ता कार्यहरुमा उच्च प्राथमिकता दिदै विद्यालयको समग्र विकासमा जोड दिइनेछ ।

१४.नगरको उच्च शैक्षिक संस्थाको रुपमा रहेको गोकुलेश्वर बहुमुखी क्याम्पसको भौतिक,शैक्षिक,गुणस्तर सुधारका लागि पहल गरिनेछ ।

१५.नगरपालिका भित्र एक सुविधा सम्पन्न खेल मैदान स्थापनाका लागि संघीय सरकार सँगको सहकार्यमा खेल मैदान स्थापनाको सम्भाव्यता अध्ययन र स्थापनामा जोड दिइनेछ ।

१६.सवृद्ध नगर हाम्रो रहर भन्ने नाराका साथ "मेयर कप खुल्ला हाप म्याराथुन प्रतियोगिता" संचालन गरिनेछ ।

**अमर सिंह धामी**
**नगर प्रमुख**



Scanned with CamScanner

कोभिड महामारी संक्रमण रोकथाम तथा नियन्त्रण र स्वास्थ्य

१.कोरोना भाइरस महामारीको दुई चरणले त्रसित र भ्रमित भइसकेको अवस्थामा जनतामा जनचेतना सकारात्मक सोचको विकास र महामारीसँग जुध्ने सामर्थ्यको विकासका निम्ती **"सकारात्मक सोच विकासका लागि प्रशंसनीय खोजमा आधारित सकारात्मक सोच"** विषयक विज्ञ सहितको पालिकास्तरीय कार्यशाला गोष्ठी संचालन गरिनेछ ।

२. कोरोना रोकथाम,नियन्त्रण र उपचारमा स्वास्थ्यकर्मीहरुको अधिकतम परिचालन गरिनेछ ।

३. कोरोना महामारीमा अग्रपंत्तीमा खटिई सेवा प्रवाह गर्न क्रममा कुनै स्वास्थ्यकर्मीको मृत्यु भएका बिमा बापत दुई लाख उपलब्ध गराइनेछ ।

४.राष्ट्रसेवाको अग्रपंत्तीमा खटिने शिक्षक तथा विद्यालयका कर्मचारीहरुलाई कोभिड भ्याक्सीन यथाशिघ्र दिइनेछ ।

५.प्रत्येक नगरवासीलाई कोभिड भ्याक्सिन दिइनेछ ।

६.नगरवासीलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँचका निम्ती प्रत्येक वडाहरुमा स्थापित स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

७.प्रत्येक स्वास्थ्य संस्थामा दक्ष जनशक्ती व्यवस्थापन औषधी व्यवस्थापन,आधारभुत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने औजार उपकरणको व्यवस्था गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

८.**"एक स्टेचर एक महिला स्वास्थ्य स्वयम्‌सेविका"** भन्ने अवधारणा अनुरुप प्रत्येक महिला स्वास्थ्य स्वयम सेविका रहेको क्षेत्रमा एउटा विरामी बोक्ने स्टेचर प्रदान गरिनेछ ।

९.**"Zero Home Dolivary"** नगरपालिका घोषणा गर्न एक वडा एक **Birthing Center** स्थापना कार्यलाई निरन्तरता दिइनेछ ।

अमर सिंह धामी
नगर प्रमुख

Scanned with CamScanner

१०. धेरै स्थानीय तहको साझा अस्पतालको रुपमा रहेको गोकुलेश्वर अस्पतालको भौतिक व्यवस्थापन औजार उपकरणको व्यवस्थापन,विशेषज्ञ डाक्टर थप गर्ने,अन्य जनशक्ती व्यवस्थापन गर्दै चुस्त दुरुस्त र गुणस्तरीय सेवा प्रवाहका लागि विशेष पहल गरिनेछ ।

११.गोकुलेश्वर अस्पताललाई १०० सैयाको अस्पताल बनाउन संघिय सरकार तथा प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

१२.**"स्वास्थ्य आमा स्वास्थ्य शिशु"** भन्ने नारा कार्यान्वयनमा ल्याउन सुत्केरी महिलालाई पोषण सहित प्याकेज प्रदान गर्न **"उपमेयर सुत्केरी स्याहार उपहार कार्यक्रम"** संचालन गरिनेछ ।

१३. नगरपालिका भित्रका ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई तिन महिनामा एक पटक **"मेयर पोषण कोसेली कार्यक्रम"** वितरण गरिनेछ ।

१४. जेष्ठ नागरिकको स्वास्थ्य चेकजाँचका लागि **"जेष्ठ नागरिक घरदैलो स्वास्थ्य शिविर"** संचालन गरिनेछ ।

१५.दिर्घ रोग लागि उपचार गराईरहेका आर्थिक अवस्था कमजोर भएका मुटु,मृगौला,ब्लड क्यान्सर,क्यान्सर रोगको उपचारमा सहायताका लागि नगरपालिकाबाट स्वास्थ्य उपचार बापत दिदै आएको २५ हजारमा थप गरिनेछ ।

१६.एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाइनेछ । ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई उपचारका गोकुलेश्वर अस्पताल आउन जानको लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

१७. गोकुलेश्वर अस्पतालमा **"नगर प्रमुख नागरिक उपचार सहायता कक्ष"** स्थापना गरिनेछ ।

१८.प्रत्येक महिला कर्मचारी र सेवाग्राहीलाई सहज होस भन्ने उद्देश्यका साथ नगरपालिका कार्यपालिका कार्यालय,वडा कार्यालय र गोकुलेश्वर अस्पतालमा **"स्तनपान कक्ष"** स्थापना गरिनेछ ।



अमर सिंह धामी
नगर प्रमुख

Scanned with CamScanner

१९."**एक वडा एक एम्बुलेन्स**" वितरण कार्यको लागि आवश्यक पहल गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

१."**स्वच्छ नगर स्वस्थ्य नगरबासी**" भन्ने मर्म अनुरुप नगरको सरसफाईलाई उच्च प्राथमिकतामा राखी नगरपालिकाको गोकुलेश्वर बजार लगायत अन्य बजार र टोलहरुको ढल निकासको व्यवस्थापन गरिनेछ ।

२. बजार क्षेत्रको फोहोरलाई व्यवस्थापन गर्न Damping Side को व्यवस्था गरिनेछ ।

३.सबै जनप्रतिनिधि,कर्मचारी,नगरबासीको पहलमा चौलानीलाई सफा राख्न "**चौलानी सफाई अभियान**" संचालन गरिनेछ ।

४.बजार क्षेत्रको शौचालयको कतिपय ढल निकास चौलानी नदीमा तथा खोलानालामा हुने गरेकोले त्यसको निरिक्षण गरी ढल निकास गरेको पाएमा कारवाही सहित नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाबाट बञ्चित गरिनेछ ।

५."**एक घर एक धारा**" नीति अनुरुप प्रत्येक परिवारको लागि खानेपानीको व्यवस्था गरिनेछ ।

६.वजार क्षेत्रमा बसोबास गर्ने बादी समुदायको सौचालय मर्मत सम्भार र निर्माणका लागि अनुदान उपलब्ध गराइनेछ ।

७.गोकुलेश्वर वजारलाई स्वच्छ,सुन्दर र सफा बनाउन सरसफाई स्वयम् सेवक नियुक्त गरिनेछ ।

८. Lifting खानेपानी आयोजनालाई प्राथमिकतामा राखी नगर भित्रका खानेपानी मुल नभएका बस्तीहरुमा Lift मार्फत खानेपानीको सहज परिपूर्ती गरिनेछ ।

**अमर सिंह धामी**
**नगर प्रमुख**



Scanned with CamScanner

पूर्वाधार विकास तर्फ

१. बजेट विनियोजन गर्दा बहुवर्षिय आयोजना तथा चालु आर्थिक वर्षका अधुरा योजनाहरुलाई सम्पन्न गर्न प्राथमिकता दिइनेछ ।

२. उपभोक्ता समिति मार्फत संचालन हुने योजनामा कम्तीमा २०% जनश्रमदान गनुपर्ने नितिलाई निरन्तरता दिइनेछ ।

३. नगरपालिकाका प्रमुख प्रवेशद्वारहरुमा स्वागत गेट निर्माण गरिनेछ ।

४. वडा नं. ९ अन्तर्गत बजार क्षेत्रभित्र सुविधा सम्पन्न बसपार्क निमार्ण कार्यको सम्भाव्यता अध्ययन गरि निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

५. यो स्थानीय सरकार स्थापना कालदेखि हालसम्म सम्पन्न हुन बाकी रहेका सडक मार्गहरुलाई पुर्णता दिन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६. स्थानीय स्तरमा घोरेटो बाटो निर्माण कार्यलाई निरन्तरता दिइनेछ । आ.व.२०७८/७९ मा विभिन्न बस्तीहरुमा घोरेटो बाटो , पी.सी.सी. बाटो निर्माण गरिनेछ ।

७. यस शैल्यशिखर नगरपालिकाका सम्पूर्ण वडा कार्यालय भवन निर्माण कार्यलाई पुर्णता दिन विशेष पहल गरिनेछ ।

८.प्रत्येक वडा कार्यालय जोड्ने गरी सडक विस्तार गर्ने नीति अनुरुप बाकी रहेका वडा कार्यालयहरुलाई यसै आ.व.मा सडक सञ्जाल सित जोडिनेछ ।

९. आ.व. २०७८/७९ मा नगरपालिका भरिका बस्तीहरुमा विद्युत लाईन विस्तारको कार्य गरिनेछ ।

१०. नगरपालिकाका विभिन्न नदी तथा खोलाहरुमा झोलुङ्गे पुल निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

११. नगरपालिकाको मुख्य बजार गोकुलेश्वर क्षेत्रमा थप सी.सी.टी.भी क्यामेरा जडान गरिनेछ । साथै त्यसलाई थप प्रभावकारी बनाइनेछ ।

अमर सिंह धामी
नगर प्रमुख

Scanned with CamScanner

१२. बजार व्यवस्थापन तथा अनियन्त्रित बसोबासलाई व्यवस्थापन गर्न नयाँ घर निर्माण गर्दा नक्सा पास तथा भवन निर्माण कार्यको मापदण्डको पूर्ण पालना गर्ने कार्यलाई निरन्तरता दिइ थप प्रभावकारी बनाइनेछ ।

१३. सुरक्षित नागरिक आवास अन्तर्गत यस शैल्यशिखर नगरपालिका भरी ६७ परिवारलाई सुरक्षित नागरिक आवास कार्यक्रम लागु गरिनेछ ।

१४. नगरपालिका स्तरीय सामुदायिक भवन शैल्यशिखर नगरपालिका ७ देवथलीमा निर्माण गरिनेछ ।

१५. शैल्यशिखर धामलाई लक्षित गरी शैल्यशिखर न.पा.६ खतकडामा पर्यटकीय आवास गृह निर्माण गरिनेछ ।

१६.नगरपालिका भित्र रहेका सबै पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि भिडियो डोकोमेन्ट्री निर्माण गरिनेछ ।

१७. नगरपालिका भरिका प्रत्येक वडाहरुमा हेली प्याड निर्माण गरिनेछन् ।

१८. शैल्यशिखर नगरपालिका अन्तर्गत रहने गरी नगरपालिको सहयोगमा रेडियो स्थापना गरिनेछ ।

## वन वातावरण तथा विपद व्यवस्थापन तर्फ

१. सामुदायिक वनहरुको संरक्षण प्रवर्द्धन लगायत वन संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समितिलाई थप जिम्मेवारी बनाइनेछ । सामुदायिक वनहरुको फडानी तथा डढेलो नियन्त्रण कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।

२. सामुदायिक वनहरुको संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समिति अन्तर्गत रहने गरी "एक सामुदायिक वन एक हेरालो कार्यक्रम" लागु गरिनेछ ।

अमर सिंह धामी
नगर प्रमुख



Scanned with CamScanner

३. नगरपालिका क्षेत्रभित्र बाढी,पहिरो, [illegible] नियन्त्रणका लागि चमेलिया नदि किनारमा तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिइनेछ । साथै खोलानालाबाट हुने कटानी नियन्त्रण गर्न तटबन्ध निर्माण तथा वृक्षारोपण कार्य गरिनेछ ।

४.**"स्वच्छ नगर हरियो नगर"** अभियान अन्तर्गत विभिन्न खुला ठाँउमा वृक्षारोपण तथा गोकुलेश्वर पुल घाट देखि कठपते बजार सम्म सडक वृक्षारोपण गरिनेछ ।

५. नयाँ निर्माण हुने योजना निर्माण तथा सडक निर्माण गर्दा वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) कार्यलाई निरन्तरता दिइनेछ ।

६. नयाँ निर्माण गरिएका सडकहरुमा पहिरो तथा जोखिम न्युनिकरण गर्न तटबन्ध तथा वृक्षारोपण कार्य संचालन गरिनेछ ।

७. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम,नियन्त्रण,उपचारलाई विषेश प्राथमिकता दिइनेछ ।

८.कोरोना भाइरसको रोकथाममा उच्च प्राथमिकता दिदै औषधी उपचार,आइसोलेसन जनशक्ती व्यवस्थापनमा विशेष पहल गरिनेछ ।

९. बाढी,पहिरो,भूक्षयबाट विस्थापित परिवारलाई राहत प्याकेज वितरण गरिनेछ ।

**संस्थागत विकास,सेवा प्रवाह र विविध**

१. नगरपालिकाको सूचना प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । नागरिकको सूचनाको हकको सम्मान गरिनेछ । नगरपालिका कार्यपालिका बैठकका निर्णयहरु,महत्वपूर्ण सूचनाहरु वेवसाइड मार्फत सार्वजनिक गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

२. वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउन वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकास तालिम संचालन गरिनेछ ।

३.न्यायिक समितिबाट सम्पादन हुने न्यायिक सेवा प्रवाह गर्दा न्याय सम्पालन कार्यलाई निरन्तरता दिइनेछ ।

**अमर सिंह धामी**
**नगर प्रमुख**

Scanned with CamScanner

४.नगरपालिका भित्र विभिन्न सेवामा र[illegible] करार कर्मचारीहरुको मनोवल उच्च बनाई सेवा प्रवाहमा अभिप्रेरित गर्न **"समान पद,समान तलब"** मान्यतालाई अंगिकार गरिनेछ ।

५. नगरपालिका भित्र नियुक्त भएका करार कर्मचारीहरुलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार भर्ना भएका कर्मचारीहरु हाल दरवन्दीमा कायम रहेका प्राबिधिक कर्मचारीहरुलाई प्रदेश लोकसेवा संगको परामर्शमा स्थायी नियुक्ति प्रक्रिया अगाडी बढाइनेछ ।

६. यस नगरपालिका भित्र दरबन्दी करारमा कार्यरत कर्मचारी,शिक्षकहरुलाई निवृतीभरण हुने उमेर सम्म निरन्तर सेवा गर्दै आएका कर्मचारी,शिक्षकहरुलाई सम्मान स्वरुप आवश्यक उपदान सहित निवृतीभरण गर्न कर्मचारी कल्याणकारी कोषमा आवश्यक रमकको व्यवस्था गरिनेछ ।

७. आ.व. २०७८/०७९ भित्र नगरको सुरक्षाका लागि नगर प्रहरी भर्ना गरिनेछन् ।

**लक्षित वर्ग**

१. अल्पसंख्यक रुपमा रहेका बादी समुदायको सहजै रुपमा चुलो बलोस भन्ने मान्यता अनुरुप **"वादी समुदायसँग मेयर कार्यक्रम"** अन्तर्गत प्रत्येक वादी परिवारलाई १ थान सिलेण्डर वितरण गरिनेछ ।

२. दलित समुदायको जिविको पार्जनमा प्रविधि हस्तान्त्रण कार्यक्रम संचालन गरिनेछ ।

३. समाजको जीवित इतिहासको रुपमा रहेका जेष्ठ नागरिकहरुको सम्मान कार्यक्रम अन्तर्गत **"नगर प्रमुख जेष्ठ नागरिक सम्मान कार्यक्रम"** संचालन गरिनेछ ।

४.अपाङ्गहरुलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक कार्यक्रम संचालन गरिनेछ ।

**अमर सिंह धामी**
**नगर प्रमुख**

Scanned with CamScanner

५. अपाङ्ग परिचय पत्र वितरण घुम्ती शिविर संचालन गरिनेछ ।

६. नगर क्षेत्रभित्र रहेका वृद्धाश्रमहरुलाई सुविधा सम्पन्न र व्यवस्थित बनाइनेछ । वृद्धाश्रमहरुमा जनशक्ती व्यवस्थापन गरिनेछ ।

७. नगरपालिकाका प्रत्येक वडाहरुमा १/१ वटा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिनेछ । महिनाको एक पटक जेष्ठ नागरिक मिलन केन्द्रमा **“जेष्ठ नागरिक सित नगर प्रमुख भेटघाट कार्यक्रम”** संचालन गरिनेछ ।

८. बालबालिकाहरुमा नेतृत्व क्षमताको विकास लगायत सामुहिकताको भावना विकसित गराउन बाल क्लबहरु गठन कार्यलाई निरन्तरता दिइनेछ ।

९. बालबालिकाहरुलाई मनोरञ्जन गराउने उद्देश्यले **“एक वडा एक बाल उधान”** निर्माण कार्य गरिनेछ ।

१०. आमा र बुवा दुवै गुमाई टुहुरा भएका बालबालिकाहरुलाई पढाईको निरन्तरता तथा गाँस,बाँसमा सहज होस भनी विद्यालय तहमा अध्ययन गर्ने बालबालिकालाई निःशुल्क पोशाक उपलब्ध गराइनेछ साथै मासिक १ हजार प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

११. विभिन्न संघ संस्था लगायत सँगको सहकार्यमा अनाथ,टुहुरा बालबालिकाहरुको संरक्षणका लागि नगरपालिका भित्र **“बाल अनाथालय”** स्थापनका लागि पहल गरिनेछ ।

१२. गोकुलेश्वर बहुमुखी क्याम्पसमा स्नातकोत्तर अध्ययन गर्ने दलित समुदायका विद्यार्थीहरुलाई उच्च शिक्षामा पहुच अभिवृद्धिका लागि वार्षिक १० हजार **“मेयर छात्रवृत्ति”** प्रदान गरिनेछ ।

१३. एक पटक विवाह गरी हाल एकल रुपमा रहदै गरेका एकल पुरुषलाई वार्षिक १२००/- का दरले विदुर भत्ता वितरण गरिनेछ ।

**अमर सिंह धामी**
**नगर प्रमुख**



Scanned with CamScanner